# स्थानीय राजपत्र

## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, भदौ २६ गते, २०८३ साल

## भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. १०

### रैथाने बाली उत्पादन प्रवर्द्धन तथा बजारिकरण कार्यक्रम संचालन कार्यविधि,२०८३

## रैथाने बाली उत्पादन प्रवर्द्धन तथा बजारिकरण कार्यक्रम संचालन कार्यविधि,२०८३

**प्रस्ताव** :- परम्परागत रुपमा सदियौ देखि कृषकले खेती गर्दै आएका रैथाने बालीहरु (जस्तै :- कोदो, जौ, फापर, उवा, कागुनो, सिमी, भटमास तथा अन्य बालीका स्थानीय जातहरुको संरक्षण तथा प्रवर्द्धनका लागि वैज्ञानिक खेती प्रणाली र प्राविधिकको अवलम्बन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषि जैविक विविधता प्रवर्द्धन तथा खाद्य र पोषण सुरक्षणमा टेवा पुर्यायने रैथाने बाली उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम रघुगंगा गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "रैथाने बाली उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२)यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### परिच्छेद-२
### कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**२) कार्यक्रम सञ्चालन तथा प्राविधिक मापदण्ड :-**

(१) यो कार्यक्रम कृषि फर्म, कृषक समुह वा कृषि सहकारी संस्था मार्फत सञ्चालन हुनेछ।

(२) कार्यक्रम सञ्चालन सम्बन्धी प्राविधिक मापदण्ड देहाय बमोजिम छ ।

| क.स | क्रियाकलापको विवरण | न्यूनतम क्षेत्रफल | संचालन प्रक्रिया |
|---|---|---|---|
| क | रैथानेबाली उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | समुह/सहकारी मार्फत कार्यक्रम संचालन गर्दा प्रतिबाली न्यूनतम १० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। कृषि फर्मको हकमा न्यूनतम ४ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। | समुह/सहकारी मार्फत कार्यक्रम संचालन गर्दा कम्तीमा ११ घरधुरी संलग्न तथा लाभान्वित हुने गरी कृषक समुह/सहकारी मार्फत संचालन हुनेछ। |
| ख | रैथानेबालीको प्रशोधन तथा बजारिकरण सम्बन्धी क्रियाकलाप | - | कृषि फर्म/कृषक समुह/सहकारी संस्था मार्फत संचालन गरिनेछ। |

(३) रैथानेबाली उत्पादन प्रवर्द्धन सम्बन्धी क्रियाकलाप :- रैथानेबाली बीउ उत्पादन, बीउ खरिद तथा व्यवस्थापन, सिचाई पूर्वाधार निर्माण तथा व्यवस्थापन, मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद, बीउ संरक्षण, बीउ तथा बाली प्रशोधन, भण्डार लगायत उत्पादनोपरान्त व्यवस्थापन लेबलिङ,प्याकेजिङ,उत्पादन बिक्री कक्ष निर्माण तथा बजार प्रर्वद्धन कार्यहरु संचालन गर्न सकिनेछ।

(४) रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सम्बन्धी क्रियाकलाप :- भण्डारको लागि सामग्री खरिद, बिक्री स्थल तथा कोशेली घर निर्माण तथा मेसिनरी औजार खरिद, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ लगायतका बजार प्रवर्द्धन सम्बन्धी कार्य संचालन गर्न सकिनेछ।

## परिच्छेद-३ः

## अनुदान तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**३. कृषि अनुदानसम्बन्धी आर्थिक व्यवस्थाः-** (१) स्वीकृत बजेट परिधिमा रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा ७० प्रतिशत पालिकाको र ३०% सहभागि संस्थाहरुको लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

(क) रैथाने बाली उत्पादन प्रवर्द्धनको लागि कार्यालयले कृषि फर्मको हकमा अधिकत्तम रु २५०००/- र कृषक समूह र कृषि सहकारीको हकमा अधिकत्तम रु ६००००/- र सहभागि संस्थाको ३०% लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

ख) रैथाने बाली बजारीकरणको लागि कार्यालयले अधिकत्तम रु १ लाख र सहभागि संस्थाको ३०% लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

**४. प्रस्ताव मूल्याङकन आधार** : (१) सूचना बमोजिम आएका आवेदनहरुको छनौट प्रक्रियाको लागि सुपरिवेक्षण तथा अनुगमन समिति द्धारा मूल्याङ्कन गरिनेछ ।
(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनका आधार अनुसूची (१) बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

**५.सुपरिवेक्षण तथा अनुगमन समितिः** कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ को परिच्छेद ३ को दफा ७, ८, ९, १० बमोजिम कार्यान्वयन हुनेछ।
**६.दोहोरो सुविधा लिन नपाउनेः** कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ को परिच्छेद ३ को दफा १२ बमोजिम कर्यान्वयन गरिनेछ।

**७. संशोधनः** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

८. बचाउ :- यस कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम नै भए गरेको मानिनेछ।

## अनुसूची -१

### दफा (४) उपदफा (२) संग सम्बन्धित

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.स | मूल्याङ्कनका आधारहरु | अङ्कभार | प्रासअंक |
|---|---|---|---|
| १. | **खेती गर्ने क्षेत्रफल (वर्षमा एक भन्दा बढी बाली खेती गर्ने भएमा सोही अनुपातमा संघनता हेरी क्षेत्रफल गणना गर्ने )** | ४० | |
| क | दफा १ को उपदफा १ बोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० | |
| ख | क्र.स क बमोजिमकव क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा प्रति रोपी ०.५ अंकको दर १० अंकसम्म प्रदान गर्ने | १० | |
| २ | **अनुदानको अवस्था** | २० | |
| क | पछिल्लो २ आ.व. मा कृषि कार्यका लागि कुनै पनि अनुदान प्राप्त नगरेमा | २० | |
| ख | पछिल्लो २ आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेको | १५ | |
| ग | पछिल्लो २ आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ७ | |
| ३. | **बाली उत्पादन हुने जग्गाको अवस्थिति** | २० | |
| क | कार्यक्रम संचालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० | |
| ख | कार्यक्रम संचालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० | |
| | क्र.स ३ को प्रयवजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टर भएको सम्झनुपर्छ । | | |
| ४ | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव :-** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारिकरण, दिगोपन,नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अंङ्क प्रदान गर्ने ) | २० | |
| | **जम्मा** | १०० | |

आज्ञाले ,
कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत।